annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२५ पृष्ठ ८ | काठमाडौं, आइतबार १७ चैत २०८१ | चैत्र शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४५ | SUNDAY, MARCH 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# हिंसा र तोडफोड गर्नेहरूलाई ७ कसुर लाग्ने

राजवादीको नाममा शुक्रबार तीनकुने क्षेत्रमा भएको आपराधिक गतिविधिमा संलग्नमाथि ७ वटा कसुरमा सजाय हुने कानुन र संविधानका जानकारहरू बताउँछन् । गैरसंवैधानिक एवं गैरराजनैतिक तरिकाले उच्छृंखल रूपमा सञ्चारगृह, सार्वजनिक एवं निजी सम्पत्ति, कार्यालय, व्यापारिक प्रतिष्ठानमा नियोजित रूपमा आक्रमण, आगजनी, तोडफोड र लुटपाट गर्नेलाई कानुनी दायरामा ल्याउन सके मात्रै दण्डहिनताको अन्त्य हुने उनीहरूको सुझाव छ ।

दिनेश गौतम | काठमाडौं
- को रिपोर्ट

समाचार पृष्ठ २

# राजावादीको आगोले सञ्चो उत्पादक कम्पनीमा ठूलो क्षति

सुनिता कार्की | काठमाडौं

स्वदेशी वाम अर्थात् सञ्चो। जडिबुटीस्थित उत्पादन तथा प्रशोधन कम्पनीबाट यसको उत्पादन हुन्छ। स्वदेशमात्र होइन, विदेशमा पनि प्रख्यात छ। तर, राजावादीहरूको आन्दोलनको निसानामा यो कम्पनी पर्‍यो। शुक्रबार तोडफोड र आगजनी गरियो। करोडौंको क्षति पुर्‍याइयो।

तीनकुने केन्द्रित राजावादी समूहको प्रदर्शन अराजक बन्दै जडिबुटी कम्पनीमा तोडफोड र आगजनीमा उत्रेको थियो। शुक्रबार ३ बजेसम्म कार्यालय समय थियो। लगभग सबै कर्मचारी घर हिँडिसकेपछि आगजनी र तोडफोड गरिएको थियो। केन्द्रीय कार्यालयमा करिब ९० जना कामदार र कर्मचारी कार्यरत छन्। देशभरका शाखा कार्यालय गरी १ हजार ६ सय कर्मचारी र करिब ९ सय किसानलाई प्रत्यक्ष रोजगारी दिइरहेको छ। हजारौंले अप्रत्यक्ष रोजगारी पाइरहेका छन्।

शुक्रबारको कार्यालय समय सक्किएपछि सबै कामदार र प्राय: कर्मचारी घर हिँडिसकेका थिए। तर, लाखौंको संख्यामा सञ्चोको बोटलमा सञ्चो भरेर राखिएको थियो। त्यसलाई लेबलिङ र बक्सिङ गर्न मात्रै बाँकी थियो।

महाप्रबन्धकलगायत केही कर्मचारी प्रशासनिक भवनको बैठक कक्षमा समीक्षा गर्दै थिए। दिउँसोको करिब सवा ३ बजेतिर एकाएक ढुंगा बर्सिन थालेको कम्पनीका महाप्रबन्धक संगीता यादवले बताइन्। जडिबुटीमा रहेको उक्त कम्पनी सिसै-सिसाले बनेको छ। प्रदर्शनकारीले कम्पनीको प्रशासनिक भवनलाई ढुंगामुढा गरेर पूर्णरूपमा ध्वस्त बनाए। उत्पादन भवनमा आगजनी गरे।

भवनमा रहेको ल्याबदेखि करोडौं मूल्यको अटोमेटिक सिलिङ मसिन जलेर नष्ट भयो। सँगैको जीएनपी भवन (हावा प्रतिरोधात्मक कोठा जहाँ राखिएको तेल दूषित नहोस् भनेर हावा पनि छिर्न नसक्ने गरी व्यवस्था गरिएको हुन्छ) जलेर नष्ट भयो। कम्पनीको हातामा रहेका कम्पनीका ४ सवारीसाधनमा पनि आगजनी भयो। कार्यालय समयमा करिब ३५ गाडी त्यहाँ राखिएका हुन्थे। कार्यालय समय सक्किएको भएर करिब १३ सवारीसाधन त्यहाँ थिए।

जसमा कम्पनीका ४ सवारीसँगै अन्य मन्त्रालय तथा कार्यालय (जलस्रोत, भूमिसुधार, उद्योग, नेपाल विद्युत् प्राधिकरण) का गाडीहरू थिए। ती पनि जलेर नष्ट भए। तोडफोड र आगजनी सुरु भएको ४५ मिनेट (दिउँसोको ४ बजेसम्म) मा कम्पनीमा करिब ५० करोडको क्षति भयो। कम्पनीले गरेको प्रारम्भिक मूल्यांकले करिब ५० करोडको क्षति देखाएको योजना प्रमुख गोविन्दकुमार शर्माले अन्नपूर्ण पोस्ट्लाई जानकारी दिए।




- ७ करोडको अत्याधुनिक अटोमेटिक सिलिङ मसिन(१) जलेर नष्ट
- ४ वटा कम्पनीका गाडी
- ५ वटा अन्य मन्त्रालय, प्रहरी र संघ-संस्थाका गाडी
- ४ वटा मोटरसाइकल र स्कुटर
- प्रशासनिक भवनमा सम्पूर्ण तोडफोड
- जीएनपी भवन (हावा प्रतिरोधात्मक कोठा जहाँ राखिएको तेल दूषित नहोस् भनेर बनाइएको भवन) जलेर नष्ट
- उत्पादन शाखा जलेर नष्ट
- जेनेरेटर १ जलेर नष्ट
- १५ देखि २० लाख खाली सिसी, बट्टा बक्स, बिर्को जलेर नष्ट
- प्रारम्भिक अनुमानअनुसार करिब ५० करोड क्षति

जडिबुटी कम्पनी जोगाउन समयमा न प्रहरी प्रशासन पुग्यो, न दमकल नै। ज्यान जोगाएर भवनबाट भागेका कर्मचारीहरूसँग टुलुटुलु हेर्नुको विकल्प नभएको महाप्रबन्धक यादवले बताइन्।

उनका अनुसार, बोटलमा भरेर राखेको सञ्चो, त्यसको कच्चापदार्थ सबै नष्ट भएका छन्। संस्थाको ४ वटा सवारीसाधन, ल्याबको इक्युपमेन्ट सबै नष्ट भएको छ। 'सञ्चो बनाउनका लागि कच्चा पदार्थको रूपमा रहेको तेलहरू मिश्रिण गरी त्यसको ल्याब परीक्षणपछि ठीक भएमात्र अटोमेटिक सिलिङ मसिनमा हालेर बोटलमा भरिन्थ्यो। त्यो ल्याब पनि पूर्णरूपमा ध्वस्त भएको छ,' भन्दै महाप्रबन्धक यादवले भनिन्। नेपाल सरकारको लगानी भए पनि कर्मचारीको भरणपोषण आफ्नै उत्पादन बेचेर हुने आयबाट गर्दै आएको जानकारी दिइन्।

### अत्याधुनिक फिलिङ मसिन जलेर नष्ट

कम्पनीमा करिब २ वर्षअघि अत्याधुनिक मेकानिकल सिलिङ मेसिन जडान गरिएको थियो। उक्त मेसिनले १ घन्टामा ६ हजार बोटल भर्न सक्ने क्षमता राख्छ। पहिला म्यानुअल (मानिसले) सन्चो भरिन्थ्यो। बोटलमा सिधै सन्चो भरिएपछि क्याप (बिर्को) सम्म लगाउने काम उक्त मसिनले गर्छ। 'अहिले मानिसले छुनु पर्दैन। तेलमा मानिसले छुनु पर्दैन लेबलिङ र बक्सिङ मात्र मानिसले गर्छन्, शर्माले भने।

प्रदर्शनकारीको आगजनीले उक्त मेसिन पनि जलेर नष्ट भएको छ। योसँगै करिब ३ सय केजी ल्याब टेस्टिङका लागि आएका सुगन्धित तेल पनि नष्ट भएको उनले बताए। जीएनपी भवन (हावा प्रतिरोधात्मक कोठा जहाँ राखिएको तेल दूषित नहोस् भनेर बनाइएको भवन) पूर्णरूपमा जलेको छ। १५ देखि २० लाख खाली सिसी, बट्टा, बक्स, बिर्को जलेको छ।

### जडिबुटी कम्पनीमा सरकारको निरीक्षण तथा अवलोकन

शुक्रबार भएको तोडफोड र आगजनीपछि शनिबार दिनभरि जसो नै सरकारका विभिन्न मन्त्रालयका मन्त्री, सचिवले अवलोकन भ्रमण गरे। गृहमन्त्री रमेश लेखकले फुटेको र डढेको जडिबुटीको कम्पनीको भ्रमणपछि दोषीलाई कारबाहीको प्रतिबद्धता व्यक्त गरे। वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले कम्पनीको पुनर्निर्माणका लागि मन्त्रालयले आवश्यक सबै किसिमको प्रयास गर्ने र आवश्यक बजेटको व्यवस्थाका लागि सरकारसँग माग गर्ने बताए। मन्त्रालयका सचिव डा. दीपककुमार खरालले कम्पनीको क्षतिको सम्पूर्ण रकम सरकारले व्यहोर्ने बताए।

### जडिबुटीमा आत्मनिर्भरदेखि निर्यातसम्मको कम्पनीको यात्रा

सन् १९८१ (२०३७ साल) मा नेपाल सरकारको पूर्णलगानीमा कम्पनी स्थापना भएको हो। नेपालभित्र र विदेशमा औषधि, खाद्य, सौन्दर्य र कल्याण उद्योगहरूका लागि औषधीय कच्चापदार्थ र आवश्यक तेलहरू उत्पादन गर्ने पहिलो नेपाली कम्पनी हो।

» बाँकी पृष्ठ ६

# अमेरिकाले निकालेका ३ भुटानी झापामा पक्राउ

पार्थ मण्डल | झापा

अमेरिकाले देश निकाला गरेका ३ जना भुटानी शरणार्थी झापामा पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा दमक नगरपालिका-३ बेलडागी शिविर बस्दै गरेका ३६ वर्षीय आशिष सुवेदी, ३१ वर्षीय सन्तोष दर्जी र ३६ वर्षीय रोशन तामाङ रहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्र खड्काले बताए।

उनीहरूलाई प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको टोलीले शनिबार दिउँसो २ बजे बेलडागी शिविरबाटै पक्राउ गरेको हो। अमेरिकाले उनीहरूलाई देश निकाला गर्दै भुटान फिर्ता पठाएको थियो। उनीहरू भुटान नगएर पुन: नेपाल आएर शिविरमा बसेका थिए। उनीहरू झापाकै सीमा नाकाबाट अवैध रूपमा नेपाल प्रवेश गरेको हुन सक्ने प्रहरीको अनुमान छ। भुटानीहरूलाई अमेरिकाले फिर्ता पठाएपछि उनीहरू विभिन्न देश हुँदै भारत आइपुगेका हुन्।

